6931324

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल

## आदेश

मु.नं. ४४९/२०७२/०७३

निर्णय नं.३२५

ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका वडा नं. १५ सातदोबाटो बस्ने सतिशचन्द्र गुरुङ्ग समेत ........................................२ पुनरावेदक

विरूद्ध

सचिव(कार्यालय प्रमुख), संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरवार ...............१ विपक्षी

सूचना अधिकारी, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरवार ......................१

विषय :- माग बमोजिमको सूचनासँग सम्वन्धित नभएकोले लगत कट्टा गर्नू ।

ललितपुर जिल्लो ललितपुर उपमहानगरपालिका वडा नं. १५ सातदोबाटो बस्ने सतिशचन्द्र गुरुङ्ग समेतले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरवार समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०६।१८ मा पुनरावेदन गरेको । यस आयोगबाट मिति २०७१।०९।१२ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना किन उपलब्ध गराइएन भनी पत्राचार गरेको । उक्त सूचना संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयसँग सम्वन्धित नभएको तथापि पुनरावेदकको सहजताका लागि सम्बन्धित संस्थाबाट सूचना उपलब्ध गराउन लेखी पठाएको मिति २०७२।०७।२३, च.नं. ५३ को पत्र यस आयोगमा प्राप्त हुन आएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नू । यसको जानकारी निवेदकलाई दिनू ।

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

इति सम्वत् २०७२ साल मंसिर २१ गते रोज २ शुभम् ।